# Before you Sign

## छुट्टिनु र सम्बन्ध-बिच्छेद (पारपाचुके) गर्नु

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी अण्टारियोमा सम्बन्ध-बिच्छेद र छुट्टिने बारे चर्चा गर्दैछौं / के तपाईं छुट्टिने वा पारपाचुके गर्ने बारे सोच्दै हुनुहुन्छ? यदि हो भने, यसका विभिन्न कदमहरुबारे बुझ्नु जरुरी छ /

छुट्टिएर बस्नु भनेको पारपाचुके गर्नु अघिको पहिलो कदम हो / छुट्टिनुको मतलब तपाईंले सम्बन्ध तोड्न चाहेजस्तो ब्यबहार गर्न थाल्नु हो / तपाईंले आफ्नो जोडीसंग छुट्टिने मिति तोक्नु पर्छ / कहिलेदेखि छुट्टिने भन्ने एउटा मितिमा सहमत हुनुपर्छ / उदाहरणको लागि तपाईं छुट्टिने मिति भनेको एउटै कोठामा सुत्न छोडेको, हिस्सामा खान छोडेको, अथवा बिदा मनाउन संगै नगएको हुन्छ / एउटा मिति तोकेपछि तपाईंले बिच्छेदनको सम्झौता लेख्न सक्नुहुन्छ / यो भनेको पारपाचुके गर्दा आइपर्ने समस्याहरु तपाईंले कसरी समाधान गर्नु हुन्छ भन्ने एउटा साधारण लिखत हो / आफ्नो जोडीसंग कम्तिमा एक बर्ष छुट्टिएर नबसेसम्म पारपाचुके गर्न पाउँदैन / पारपाचुके गर्नको लागि छुट्टिएर बस्नु एउटा सबभन्दा महत्वपुर्ण आधार हो / आफ्नो जोडीले अरु व्यक्तिसंग राजीखुसी करणी गरेमा वा मानसिक वा शारिरीक दुर्ब्यबहार भएको कारण देखाएमा बिरलै रुपमा एक बर्ष नपुग्दै तपाईंले सम्बन्ध-बिच्छेदको लागि आबेदन दिन पनि सक्नुहुन्छ / छुट्टिएर बसेको भन्नको लागि तपाईं अर्कै घरमा बस्नु पर्दैन /

तपाईं वा तपाईंको जोडीले एकपल्ट छुट्टिने वा पारपाचुके गर्ने निश्चित गरेपछि तपाईंले महत्वपूर्ण निर्णय र छनौट गर्नु पर्छ / उदाहरणको लागि परिवारको घरमा को बस्ने? तपाईंको बालबच्चाहरु भए तिनीहरुको हेरविचार कसरी गर्ने र तिनीहरु कहाँ बस्ने ? बालबच्चाको बिषयमा कसले निर्णय गर्ने? बच्चाहरु वा जोडीको लागि कस्तो खालको आर्थिक व्यवस्था हुन्छ ? तपाईंहरुको साझा सम्पत्ति वा अन्य बस्तुहरु कसरी बांडफांड गर्ने ? तपाई क्यानाडाको नागरिक नभए तपाईको आप्रवास स्थिति/अवस्थामा कसरी प्रभाव पार्छ भन्ने बारे पनि सोच्नुपर्दछ / कुनै अवस्थामा त तपाईको जोडीले तपाईलाई छुट्टियो वा पारपाचुके गर्यो भने निर्वासनमा जानु पर्छ पनि भनी देलान / क्यानाडाबाट निर्वासनमा जानु भनेको जबर्जस्ति देश निकाला गरिनु हो / तपाईको जोडीले तपाईलाई देश निकाला गर्न सक्दैन / संघीय आप्रवास अधिकारीहरुले मात्र कसैलाई क्यानाडाबाट निकाला गर्न सक्छ / तपाई क्यानाडेली नागरिक होइन भने कानुनी व्यवसायीहरुसंग कुरा गर्नुस ताकि तपाईको बिशेष परिस्थिति बारे सही जानकारी होस् / तपाईले बुझ्नु जरुरी छ कि छुट्टिएको वा सम्बन्ध-बिच्छेद भएको होस् या नहोस , तपाईको आप्रवास निबेदनमा असर पर्नेछैन /

यो कुरा महसुश गर्नु जरुरी छ कि विवाहित जोडी र संगै मात्र बस्ने जोडी छुट्टिनुमा फरक छ / उदाहरणको लागि तपाईं विवाहित भएमा तपाईंले परिवारको कुल सम्पत्तिको बराबर हिस्सा माग्न सक्नु हुन्छ तर तपाईंको जोडीसित संगै मात्र बसेको भए त्यस्तो माग गर्न सक्नुहुन्न / संगै बसेको तर अविवाहित जोडीको सम्पत्ति बांडफांड गर्ने त्यस्तो अधिकार हुँदैन / सम्पत्ति दुबैको नाममा भएमा वा संगै मिलेर तिरेको अवस्थामा भने यस्तो अधिकार रहन्छ / विवाहित र संगै बस्ने दुवै खालको जोडीले एक अर्काको सहयोग पाउन अनुरोध गर्न सकिन्छ /

तपाईंको सम्बन्ध-बिच्छेद र कानुनी रूपले बिबाह टुंग्याउन तपाईंले अदालतमा सम्बन्ध-बिच्छेदको लागि निबेदन गर्नु पर्छ / सम्बन्ध-बिच्छेदको लागि पुनराबेदन अदालतको पारिवारिक अदालत शाखामा मात्र निबेदन दिन सकिन्छ / एक जनाले मात्र सम्बन्ध-बिच्छेदको लागि निबेदन गर्न सक्नेछ तर संयुक्त रुपमा पनि गर्न मिल्छ / सम्बन्ध-बिच्छेदको प्रक्रिया तपाईं बसेको नगरपालिकामा टुंगिन्छ /

## Before you Sign

अण्टारियोमा पारपाचुके गर्नको लागि तपाईंले अदालतलाई शुल्क तिर्नुपर्छ / पारपाचुकेको लागि निबेदन दिंदा पहिलो किस्ता तिर्नु पर्छ / अतिरिक्त शुल्क चाहिं अदालतले पारपाचुकेको समीक्षा गर्ने बेला तिर्नु पर्छ / यो कुरा बुझ्नु जरुरी छ कि यो शुल्क अदालत र कागजी कारवाहीको लागि मात्र हो / वकिलको सहयोग चाहिएमा पारपाचुके गर्न अझ महँगो पर्न जानेछ /

हामीलाई आशा छ कि यस रेडियो (पड्कास्ट) लाई अण्टारियोमा पारपाचुके गर्न र छुट्टिनुको लागि आवश्यक कानुनी सुचना दिने राम्रो स्रोतको रुपमा पाउनु भयो होला / पारपाचुके वा छुट्टी सकेपछि संरक्षकत्व र बालबच्चासंगको पहुँच बारे प्रश्न भएमा यसबारे हाम्रो पड्कास्ट सुन्न समय दिनु होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

## संरक्षकत्व र पहुँच

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी अण्टारियोमा सम्बन्ध-बिच्छेद वा जोडी छुट्टिए पछि बच्चाको संरक्षकत्व र पहुँच बारे चर्चा गर्नेछौं /

तपाईं बच्चासंग रहँदै छुट्टिनु भएमा वा सम्बन्ध-बिच्छेद गर्नु भएमा बच्चाको संरक्षकत्व कसले लिने, ऊ कोसंग कहाँ बस्ने भन्ने बारे प्रश्न उठ्न सक्छ / संरक्षकत्वको मतलब तपाईंको बच्चालाई कसरी हेरचाह गर्ने र हुर्काउने भन्ने बारे महत्वपूर्ण विकल्प रोज्ने कानुनी अधिकार पाउनु हो / उदाहरणको लागि तिनीहरु कुन बिद्यालयमा जालान, कस्तो खालको धार्मिक विश्वास र आदत अपनाउलान र तिनको स्वास्थ्यको हेरचाह बारे कस्तो निर्णय गर्ने ? संरक्षकत्वको मतलब बच्चा कोसँग रहलान भन्ने होइन / तपाईं छुट्टिएपछि वा सम्बन्ध-बिच्छेद गरेपछि बच्चा कोसंग रहने भन्ने बारे तपाईं र तपाईंको जोडीले निर्णय गर्नु पर्दछ / यसलाई तपाईंको बच्चाको आवासबारे निर्णय गर्नु भनिन्छ / बच्चालाई कहाँ रहन दिने र कसले संरक्षकत्व दिने भन्नु फरक कुरा हुन् /

उदाहरणको लागि तपाईंसंग संरक्षकत्व रहेको छ र बच्चाको बारे निर्णय गर्ने व्यक्ति तपाई मात्र हो भने तिनीहरु तपाईंसंग वा तपाईंको जोडी साथीसित बराबर समय रहन सक्छन / अथवा तपाईंको बच्चा प्राय: जसो तपाईंसंगै रहलान तर तपाईंहरु दुबैजना बच्चाको संयुक्त संरक्षकत्वमा रही उनीहरुको पढाई, धार्मिक आदत र स्वास्थ्य हेरचाह सम्बन्धी निर्णय एक आपसको सल्लाहमा गर्न सकिन्छ / संयुक्त संरक्षकत्वको मतलब 'बराबरी समय' बिताउनु होइन /

बच्चा धेरैजसो जहाँ बस्छ त्यसलाई प्राथमिक आवास भनिन्छ / प्राथमिक आवास भन्नुको अर्थ बच्चा प्राय: वा संधै बस्ने घर हो / आमा वा बाबुको रुपमा तपाईंमा एक्लो संरक्षकत्व रहेको छ भने तपाईंको घर नै प्राय: जसो बच्चाको प्राथमिक आवास हुन्छ र धेरैजसो अवस्थामा आमा वा बाबुले भेट्न सक्छ /

## Before you Sign

बच्चाले तपाईं र तपाईंको जोडीसित बराबर समय बिताउने ठाउँलाई हिस्साको आवास भनिन्छ / यस्तो अवस्थामा एउटा घरलाई प्राथमिक र दोश्रोलाई सहायक घरको रुपमा लिन सकिन्छ /

तपाईंको बच्चा कहाँ बस्ने भन्ने बारे तपाईंहरु बीच सहमति भएमा यसलाई समझदारी पत्रमा उल्लेख गर्न सक्नु हुन्छ /

तपाईंहरु बीच सहमति नभएमा यस्ता समझदारी पत्र तयार गर्न मद्दत चाहिएमा पारिवारिक कानुन व्यवसायी जस्तो मध्यस्थकर्तासित सम्पर्क राख्न सक्नु हुन्छ/ तपाईले अदालतमा गएर न्यायाधिशबाट निर्णय पनि गराउन सक्नुहुन्छ /

हामीलाई आशा छ कि छुट्टिए पछि वा पारपाचुके गरे पछि बच्चाहरुको संरक्षण र पहुँच बारे कानुनी जानकारी दिने राम्रो स्रोतको रुपमा यस रेडियो (पड्कास्ट) लाई पाउनु भयो होला / पारपाचुके वा छुट्टी सकेपछि संरक्षकत्व र बालबच्चासंगको पहुँच बारे प्रश्न भएमा यस बारे हाम्रो पड्कास्ट सुन्न समय दिनु होला /

न्यायाधीशले बच्चा कहाँ राख्ने भन्ने निर्णय गर्न 'बच्चाको सर्बाधिक हित' भनिने न्यायिक परिक्षण गर्दछ / न्यायाधीशले साधारणतया: आमाबाबु छुट्टिए पछि वा पारपाचुके गरे पछि बच्चाले दुवैसित सम्बन्ध राखेको राम्रो भनी ठान्दछ /

संरक्षकत्व र पहुँच राख्ने मामिलामा 'बच्चाको सर्बाधिक हित ' परिक्षण गर्दा निम्न प्रकारका बुंदाहरु लाई ध्यानमा राख्दछ:

- आमाबाबु र बच्चा बीचको सम्बन्ध
- आमाबाबु र बच्चा बीचको भावनात्मक गाँठो
- बच्चा कति समयसम्म स्थिर अवस्थामा बसेको थियो
- आमाबाबुले बच्चालाई हेरचाह गर्ने र हुर्काउने आ-आफ्ना योजना
- कुनैकुनै अबस्थामा, बच्चाको विचार र इच्छा बुझ्ने
- परिवारको कुनै सदस्य वा बच्चा माथि केही दुर्व्यवहार भए / नभएको

प्राय:जस्तो अवस्थामा आमाबाबु दुवैसंग समय बिताउंदा बच्चाहरुलाई फाइदा हुन्छ/ बच्चाहरुले दुवैसंग बराबर समय बिताउनु पर्छ भन्ने छैन तर यस्तो बसाई अर्थपूर्ण हुनुपर्छ/ यदि कुनै प्रकारको दुर्व्यवहार वा हिंसा वा अन्य कारण भए अदालतले पहुँचको सुपरिवेक्षण गर्ने आदेश दिन सक्दछ /

हामीलाई आशा छ कि तपाईंले यस रेडियो (पड्कास्ट) लाई बिच्छेद वा पारपाचुके पछि बच्चाहरुको संरक्षण र पहुँच बारे कानुनी जानकारी दिने राम्रो स्रोतको रुपमा पाउनु भयो होला / बिच्छेद वा पारपाचुकेबारे तपाईंको केही प्रश्न भएमा हाम्रो पड्कास्ट सुन्न समय दिनु होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

## छलकपट / जालसाजी

# Before you Sign

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी अण्टारियोमा हुने छलकपट बारे कुरा गर्नेछौं / छलकपट भनेको गलत वा आपराधिक हो भनी जान्दाजान्दै कसैले गर्ने काम हो / यसमा अपराधीले कुनै पनि तवरबाट आफुलाई आर्थिक वा व्यक्तिगत फाईदा हुने गरी अन्य व्यक्तिलाई छल गर्दछ / यस्तो काम विभिन्न तरिकाबाट हुन्सक्छ / यस रेडियोमा हामी पहिचानको चोरी भनेको के हो र तपाईं यसको शिकार बन्नु भयो भने के गर्ने भन्ने बारे चर्चा गर्नेछौं /

पहिचानको चोरी भनेको कसैले तपाईंको स्वीकृति बिना अन्य व्यक्ति वा समूहले तपाईंको सुचना प्रयोग गर्नु हो / यसको मतलब अपराधीले तपाईंको व्यक्तिगत सूचना जस्तो कि तपाईंको नाम, जन्म मिति, ठेगाना, सामाजिक बीमा नम्बर, राहदानी, बैंक सम्बन्धी जानकारी र अन्य व्यक्तिगत विवरणहरु आपराधिक उद्देश्यको लागि संकलन र प्रयोग गर्नु हो / ती व्यक्ति वा समूहले उनीहरु तपाईं नै हुन् भनी बहाना बनाई तपाईंको व्यक्तिगत सूचना प्रयोग गरी बैंक खाता खोल्न, सापटी वा बन्धक (मोर्ट्गेज) को लागि निबेदन गर्न, GST / HST को रकम जम्मा गर्न वा फिर्ता लिन, लाभ तथा उधारो तिर्न, वा आयकर फिर्ता लिने जस्ता अनेकौं फाईदा लिएको हुन्छ /

यस्ता बेईमान व्यक्तिहरुसंग तपाईंको जानकारी लिने धेरै उपायहरु हुन्छन / उदाहरणको लागि तिनले तपाईंको दाम राख्ने थैली चोर्न सक्छ / यस कारणले आफ्नो खल्ती भित्र दैनिक जीवनमा आबश्यक पर्ने एक खालको परिचय पत्र (जस्तो सवारी चालक अनुमति पत्र) मात्र बोक्नु पर्छ / राहदानी जस्तो चिजहरु सुरक्षित स्थानमा राख्ने र आबश्यक परेको बेला मात्र लिएर जानु पर्छ / ती चिजहरु धुलो / मैलो (गार्बेज ) बाट पनि जानसक्छ / बैंकबाट प्राप्त विवरण, क्रेडिट कार्ड, आर्थिक लगानी जस्ता कागजहरु कसरी थान्को लाउने भन्ने बारे तपाईंले ध्यान नदिए तिनले तपाईंको महत्वपूर्ण जानकारी पाउन सक्नेछन् / ए टि एम बाट पैसा निकाल्दा तपाईंले ध्यान नदिए तपाईंको बैंक खाताको पिन तपाईंको काँध माथिबाट हेरिरहेको हुनसक्छ / तपाईंले बैंकमा ए टि एम बाट वा स्टोरमा केहि चिज किन्दा पिन थिच्ने बेला आफ्नो जीउ र हातले छोप्नु पर्दछ / कम्प्युटर वा यसको संजालबाट तपाईंको जानकारी चोरी गर्ने कामलाई डाटा चोरी भनिन्छ / यस्ता चोर काम तपाईंको निजि वा कार्यस्थलको कम्प्युटर वा तपाईंले सम्पर्क राखेका ब्यापारिक कम्प्युटरको संजाल बाट गरिएको हुनसक्छ / सबभन्दा साधारण किसिमको छलकपटलाई 'महत्वपुर्ण सूचना प्राप्त गर्ने कपटपूर्ण प्रयास' (फिसिंग) भनिन्छ र पी- एच- आइ- एस- आइ- एन- जी भनी उच्चारण गरिन्छ / फिसिंग भन्ने शब्द तपाईंको व्यक्तिगत सूचना पाउन बास्तविक कम्पनि झैं बहाना बनाई तपाईंको इमेल वा फोन प्रयोग गरी गरिने छलकपटपूर्ण कार्य भनी बुझाउँछ / तपाईंलाई आर्थिक संस्था वा आप्रवास, शरणार्थी नागरिकता क्यानाडा वा क्यानाडा राजस्व संस्था जस्ता साँच्चिकै सरकारी संस्था झैं जस्तो लाग्ने ठाउंबाट इमेल वा सूचना पठाएको वा फोन गरेको भन्न सक्छ / उदाहरणको लागि इमेल वा फोन गरेर तपाईंको बैंक खातामा सुरक्षाको समस्या छ वा तपाईंले आफ्नो व्यक्तिगत विवरण तुरुन्तै नदिए तपाईंको आप्रवास स्थिति आइ आर सी सी (IRCC) मा खतरापूर्ण अवस्थामा छ भन्न सक्छ / यो कुरा बुझ्न अति जरुरी छ कि कुनै पनि साँचो ब्यापारिक संस्थाले तपाईंको व्यक्तिगत विवरण इमेल वा फोनबाट माग्दैन / तपाईंलाई विश्वास नलागेको कुनै इमेल आएको छ भने जवाब नफर्काउनु होला / इमेलमा उल्लिखित फोन नम्बर वा ठेगाना नै प्रयोग नगर्नुस / तपाईंलाई शंका लागेको संस्था मै फोन गरेर वा आफै गएर तपाईंले कस्तो सूचना पाउनु भयो भन्नुस / साँच्चिकै हेर्नु पर्ने केही समस्या छ कि भनी उनीहरुले निधो गर्न सक्छ /

तपाईंले रोक्न खोज्दाखोज्दै तपाईं पहिचान चोरीको शिकार हुनु भए यो कुरा थाहा पाउने बित्तिकै तपाईंले चाल्नु पर्ने केही कदमहरु छन् / पहिलो कदम स्वरूप आफ्नो स्थानीय प्रहरीलाई खबर गर्नुस / तिनले तपाईंलाई प्रहरी प्रतिबेदन नम्बर दिन्छ / त्यसपछि तपाईंले आफ्नो बैंक वा क्रेडिट कार्ड कम्पनीहरुलाई के भएको रहेछ भनी फोन गर्नुपर्छ / तपाईंको पहिचानलाई कसरी प्रयोग गरिएको रहेछ भन्ने आधारमा तपाईंको क्रेडिट श्रेणी निर्धारणमा असर पर्न सक्छ / त्यसैले तपाईंले क्यानाडाको क्रेडिट विवरण दिने दुई वटा मुख्य संस्थाहरु इक्वीफाक्स (Equifax) को **१-८००-४६५-७१६६** र ट्रान्सयूनियन (TransUnion) को **१-८००-६६३-९९८०** मा सम्पर्क राखी तपाईंको फाइलमा 'छलकपटपूर्ण संकेत' राख्न लाउनुपर्छ / फोन बस्टर्स नेशनल कल सेन्टर (Phone Busters National Call Centre) रोयल क्यानाडियन माउण्टेद पुलिस (Royal Canadian Mounted Police) ले संचालन गरेको हुन्छ र यसले जालसाजी घटनाको सामान्य प्रबृत्ति पत्ता लगाई जालसाजीको सिकारीलाई मद्दत दिने जिम्मा लिन्छ / थप सहयोगको लागि तपाईंले उनीहरुलाई **१-८८८-४९५-८५०१** मा सम्पर्क राख्न

सक्नुहुन्छ / तपाईंलाई पहिचान चोरहरुले केही गरेको शंका लागेमा त्यो पत्ता लगाउने थुप्रै महत्वपूर्ण सम्पर्क स्थानहरु छन् / कहिलेकाहीं यी पहिचान चोरहरुले ठेगाना परिवर्तन गरेर क्यानाडा पोस्टबाट तपाईंको पत्रहरु अन्यत्रै पठाउन खोजेको हुन्छ / त्यस्तो अवस्थामा तपाईंले १-८६६-६०७-६३०१ मा फोन गरेर केही परिवर्तन गरेको छ/छैन भन्ने निधो गर्न सकिन्छ / पासपोर्ट क्यानाडालाई १-८००-५६७-६८६८ मा सम्पर्क गर्न सक्नुहुन्छ / फोन गरेर वा आफै गएर तपाईंको नाममा ती अपराधीहरुले राहदानी बनाउन खोजेको छ या छैन पत्ता लगाउनुस / अन्त्यमा आवश्यक परे तपाईंको नयाँ पहिचान कार्ड (जस्तो कि स्वास्थ्य कार्ड, चालक अनुमति पत्र वा सामाजिक बीमा नम्बर) कहाँ / कसरी बनाउने भन्ने जानकारी लिन १-८००-६२२-६२३२ मा सम्पर्क राख्नुस /

हामीलाई आशा छ कि तपाईंले यस रेडियोलाई पहिचान चोरी भनेको के हो ? यसबाट आफू कसरी बच्ने र तपाईं पहिचान चोरीको शिकार हुनु भए के गर्ने भन्ने जस्ता केही सामान्य कानुनी जानकारी दिने एउटा राम्रो स्रोतको रूपमा पाउनु भएको होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

## कामबाट अवकाश दिएको अबस्थामा कर्मचारीको अधिकार

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ /

आज हामी अण्टारियोमा कर्मचारीहरुलाई अवकाश दिएमा अथवा जागिरबाट निकालेमा कर्मचारीहरुको के के अधिकार हुन्छ भन्ने बारे चर्चा गर्नेछौं / जागिरबाट अवकाश पाउँदा वा निकलिंदाको अवस्था ज्यादै तनावपूर्ण हुन्छ / कहिलेकाहीं कामबाट निकालिएको व्यक्तिले किन यस्तो भयो भन्ने बुझ्दैनन् र आफ्नो नियोक्ता (employer) ले आफुलाई निकाल्नुको कारण दिनै पर्छ कि पर्दैन भन्ने जान्न खोज्छ / प्राय:जसो तपाईंको नियोक्ताले तपाईंलाई किन निकाल्यो भन्ने जानकारी दिनु पर्दैन / धेरैजसो परिस्थितिमा, तपाईंको नियोक्ताले तपाईंलाई लिखित रूपमा अबकाशको सूचना दिनु पर्दछ / यसको मतलब नियोक्ताले तपाईंलाई अबदेखि त्यस संस्थामा काम छैन भन्ने पत्र दिनु पर्छ / तिनले तपाईंको काम गर्ने अन्तिम दिन अगावै वा तुरुन्तै काम छोडेर जानु पनि भन्न सक्छ / कुनै सूचना बिना अवकाश दिएमा सूचना नदिए बापत तिनीहरु तपाईंलाई पैसा तिर्न जिम्मेवार हुनुपर्छ / तिनले 'सूचना दिनै पर्छ' भन्नुको अर्थ तपाईंको जागिर जान लागेको छ भनी पहिलेनै भन्नु हो / नियम के हो र तिनीहरुले कति पैसा तिर्नु पर्छ भन्ने कुरा धेरै चिजमा निर्भर गर्दछ जस्तो कि तपाईंको उमेर, सेवा गरेको अबधि, अवकाश दिए पछि तपाईंले गरी आए जस्तो काम पाउन कति गाह्रो छ ? नियोक्ताले तपाईंलाई जानीबुझीकन खराब आचरण गरेको जस्तो केही कारण नदेखाई कामबाट निकाल्न सक्छ / यसरी निकालिएमा कानुनी सल्लाह लिन खोज्नुहोला / कहिलेकाहीं कसैलाई सूचना नदिईकनै कामबाट निकाल्न पर्दा नियोक्ताले कानून अनुसार दिएको राम्रो कारण नै गलत हुन सक्छ / यदि तपाईंले कुनै नियोक्तासंग कम्तिमा ३ महिनासम्म काम गरेको छैन भने, रोजगारी सुरक्षा नियम अनुसार नियोक्ताले तपाईंलाई कुनै अग्रिम सूचना दिनु पर्दैन / रोजगार मानक ऐनमा सूचनाको न्यूनतम अबधि र सूचना दिनुको साटो पैसा तिर्ने बारे धेरै नियमहरु छन् / तापनि सबै कामहरु रोजगार मानक ऐन अन्तर्गत पर्दैन र कुनै खालका कामहरुमा यस ऐनको केही भागहरु मात्र लागू हुन्छ / यसकारणले तपाईंको परिस्थिति र यसको बिस्तृत

विवरणको लागि कानूनी सल्लाह लिनु महत्वपूर्ण हुन्छ / यो कुरा थाहा पाउनु होस् कि रोजगार मानक ऐनहरुले बाँधिनको लागि तपाईं क्यानेडियली नागरिक, स्थायी निवासी वा रोजगारीको अनुमति प्राप्त गरेको व्यक्ति हुनु पर्दैन /

तपाईंले कुनै कारणबश रोजगारी छोडेर जाँदा तपाईंको नियोक्ताले रोजगारीको अभिलेख (आर.वो.ई.) तयार गर्नु पर्दछ / यो फारमले तपाईं नियोक्तासंग कहिलेसम्म काम गरेको भन्ने जानकारी दिन्छ / उदाहरणको लागि, तपाईंले नियोक्तासंग कहिलेसम्म, कति घण्टा काम काम गरेर कति कमाउनु भयो यो फारममा नियोक्ताले आर. वो. ई. भर्नु पर्नाको कारण बारे एउटा प्रश्न पनि सोधिएको हुन्छ / नियोक्ताले यस प्रश्नको उत्तर दिन केही संकेत अक्षरहरु (code) प्रयोग गर्नु पर्छ / तपाईंलाई निकाला गरेको भए 'निकाला' को लागि 'एम' लेख्न सक्ने छन् / तपाईंले रोजगारी बीमा लाभ, जसलाई ई.आइ. पनि भनिन्छ, को लागि निबेदन दिनु भएमा तपाईंलाई किन कामबाट निकालियो भनी सोधिन्छ / तपाईं रोजगारी बीमा लाभको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने निधो गर्न तपाईंलाई यो प्रश्न गरिन्छ / तपाईंको नियोक्ताले रोजगारीको अभिलेख पहिले नै तयार गरेको छ भने रोजगारी बीमा लाभको लागि निबेदन दिन सजिलो हुन्छ / किनभने तपाईंले रोजगारी बीमा लाभको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न, तपाईंले कति लाभ पाउनु हुन्छ र कति अबधिसम्म यो लाभ पाउनु हुन्छ भन्ने पत्ता लगाउन सर्विस क्यानाडाले तपाईंको रोजगारी अभिलेख प्रयोग गर्छ / तपाईंको नियोक्ताले तपाईंलाई यो अभिलेखको कागजी प्रतिलिपि दिनसक्छ वा सरकारलाई विद्युतीय माध्यमबाट पठाउन सक्छ / सरकारलाई विद्युतीय माध्यमबाट पठाएमा तपाईंलाई यसको प्रतिलिपि दिनु पर्दैन र लाभको लागि निबेदन दिने प्रतिलिपि पनि आबश्यक पर्दैन / तपाईंलाई प्रतिलिपि चाहिएमा सर्विस क्यानाडामा १-८००-२०६-७२१८ मा सम्पर्क गरेर लिन सक्नु हुन्छ /

हामीलाई आशा छ कि यो पडकास्टले तपाईंलाई कामबाट अवकाश दिएमा वा निकाला गरेमा तपाईंको के अधिकार हुन्छ भन्ने बारे केही सामान्य कानूनी जानकारीको राम्रो स्रोतको काम गरेको छ / तपाईंको केही प्रश्न भएमा यस बिषय मा हाम्रो पडकास्ट सुन्न समय मिलाउनु होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

## ठाउं खाली गराउनु

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी घरधनीले कुनै भाडादारलाई निकाल्न खोजेमा भाडादारको कस्तो अधिकार हुन्छ भन्ने बारे चर्चा गर्नेछौं /

ठाउं खाली गराउने प्रक्रियाको चर्चा गर्नु अघि यो कुरा याद राख्न जरुरी छ कि घरधनी र भाडादारको सम्बन्ध ब्यापारिक हुन्छ / कुनै ब्यापारमा जस्तै तपाईं र घरधनी बीच भएको सबै कारोबारको अभिलेख राख्नु पर्छ / घर भाडा तिरेको प्रमाण राख्नु जरुरी छ ताकी तपाईंले आफ्नो घर भाडा तिरेको प्रमाण सजिलै देखाउन सकियोस / आफ्नो जानकारी पठाउन परेमा वा घरधनीलाई उनीहरुको दायित्व बोध

गराउने विचार भएमा तपाईंको घरधनीको नाम र ठेगाना थाहा पाउनु जरुरी छ। तपाईंको एकाइमा केही सरोकार भएमा ती सरोकारहरू चिट्ठी लेखेर वा लिपिबद्द (टेक्स्ट) गरेर पठाउनु पर्छ। तपाईंले आदानप्रदान गरेका सबै पत्रहरुको प्रतिलिपिहरु सँधै आफूसित राख्नुपर्छ। उदाहरणको लागि घरधनीसंग निश्चित गरे भन्दा अर्कै दिन घर भाडा तिर्ने सम्झौता भए लिखित रूपमा गरिएको हुनुपर्छ। त्यसैगरी घर भाडा तिर्नु सट्टा काम गरी दिन्छु भन्ने सम्झौता भए त्यो पनि लिखित रूपमै हुनु पर्छ।

यी सामान्य मार्गदर्शन अनुसार चल्नु भएमा घरधनीसंग घरभाडामा बस्ने व्यक्तिको थुप्रै समस्याहरु हटाउन सकिन्छ।

ठाउं खाली गराउने बारे चर्चा गर्दा घर निकाला सम्बन्धी बिषय भनेको घरधनीले भाडामा बसेको एकाईबाट भाडादारलाई निकाल्ने प्रक्रिया हो। आवासीय घरधनी ऐनले घरधनी र भाडादारबीचको सम्बन्ध नियमन। नियन्त्रण गर्दछ र यसले कुन बेला घरधनीले भाडादारलाई घरबाट कहिले र कसरी निकाल्न पाउँछ भन्ने नियम बनाउँछ।

भाडादारलाई घरबाट निकाल्न खोज्दा घरधनीले थुप्रै कारणहरुको आधार लिएको हुन्छ। ती मध्ये भाडादारले पुरै भाडा वा समयमै भाडा तिर्न नसक्नु, अबैधानिक काम गर्नु, सम्पत्तिमा क्षति पुर्याउनु, वा सम्बन्धित भवनमा बस्ने अरु भाडादारलाई अशान्त बनाउनु रहेको छ। नगरको उप -नियम उल्लङ्घन गरी धेरै संख्यामा मानिस बस्नाले पनि निकाला गर्न सकिन्छ। भाडादारले आफन्तलाई आफूसंग राख्न खोजेमा पनि घरधनीले निकाला गर्न सक्छ। उल्लिखित पछिल्लो कारणले निकाला गर्नु परेमा बिशेष नियम लागु हुन्छ। दुर्भाग्यबश, बढी से बढी यहि कारण देखाई पांच वटा भन्दा कम एकाई भएको भवनबाट भाडादारलाई निकाला गर्न खोजिएको पाइन्छ।

घरपाल्तु जनावरले क्षति पुर्याएमा वा अशान्ति मच्चाएमा बाहेक यस्ता जनावर पालेको कारणले घरधनीले भाडादारलाई निकाल्न पाउंदैन। भाडादार संघको सदस्य भएमा वा एकाई मर्मत गर्नु पर्यो भन्दैमा तिनले भाडादारलाई निकाल्न सक्दैन।

घरधनीले भाडादारलाई निकाल्न केही प्रक्रियाबिधि पुर्याउनु पर्छ। शुरुमा तिनले के कारणले निकाल्न खोजेको हो भन्ने सूचना दिनु पर्दछ र कुनै अवस्थामा समस्या समाधान गर्न केही समय दिनु पर्दछ। उदाहरणको लागि कुनै भाडादारले भाडा नतिरेमा कति पैसा तिर्न बाँकि छ, कहिले सम्ममा तिर्नु पर्छ भनी सूचना दिनु पर्दछ। भाडादारले सबै भाडा तिरेमा कारवाही टुंगिन्छ र अघिल्लो सूचना खारेज वा रद्द गरिन्छ।

घरधनीले पठाएको सूचना भाडादारले पढ्नु जरुरी छ। यस्तो सूचनामा मिति, गर्नु पर्ने काम र समस्या समाधान गर्ने उपायहरु बारे ठीक प्रक्रियाबिधि पुर्याएको हुन्छ। सूचना जारी गर्दा आवासीय भाडादार ऐनसंग मिल्ने हुनुपर्छ र घरधनीले पठाएका साधारण पत्रहरुले कानुनमा व्यवस्था गरे अनुसार रीत नपुर्याएको हुन सक्छ।

तपाईंले समस्या समाधान गर्न नखोज्नु भएमा घर छोड्नु पर्दैन। त्यसपछि घरधनीले सुनुवाइको लागि मिति तोक्न घरधनी र भाडादार बोर्डमा निबेदन दिनु पर्नेछ। उक्त सुनुवाइको दिनमा भाडादार र घरधनीले आ-आफ्नो स्थिति बारे बयान दिन सक्नेछन्। भाडादारले स्वेच्छाले बाहिर निस्कन मन्जुर गरेमा वा बोर्डले निकालाको आदेश नदिएसम्म ठाउँ खाली गर्न सकिंदैन।

घरधनीले तपाईंलाई बोर्डमा लगेमा तपाईंले 'सुनुवाइको सूचना' पाउनु हुनेछ। यसमा सुनुवाई गर्नु पर्नाको कारण, मिति, समय र सुनुवाई हुने स्थानको विवरण पाउनु हुन्छ।

यस सुनुवाइमा आफ्नो समस्या बुझाउन तयार भएर जानु जरूरी छ। त्यसबेला तपाईंले एकजना साक्षी लानुपर्ने, कागजपत्रको प्रतिलिपि बनाउने र देखाउनको लागि तस्बिर लानु पर्ने हुन सक्छ। तपाईं सुनुवाइमा जानु भएन भने तपाईंलाई निकाला गर्ने कि नगर्ने बारे बोर्डले निर्णय गर्नेछ। सुनुवाइ हुनु अघि तयारी स्वरूप कानुनी सहयोग लिनु धेरै राम्रो हुन्छ। वकिलको लागि खर्च गर्न सक्नु हुन्न भने सामुदायिक कानुनी क्लिनिकले तपाईंलाई सहयोग दिन सक्नेछ।

सुनुवाई हुँदा बोर्डको एक सदस्यले तपाईंलाई घरधनीले किन निकाल्न खोजेको र किन निकाल्न पाउँदैन भन्ने लागेको छ भन्ने तपाईंको व्यहोरा सुन्छ। बोर्ड सदस्यहरुले सुनुवाइको अन्त्यमा आफ्नो निर्णय गर्छ वा निर्णय तयार गर्न केही समय लिन सक्छ। यस निर्णयलाई

'आदेश' भनिन्छ र यसको प्रतिलिपि तपाईं र घरधनीलाई पठाइनेछ / यो कुरा बुझ्नु जरुरी छ कि बर्षको कुनै पनि बेला र हिउंदमा पनि घरबाट निकाला गर्न सकिनेछ /

कहिलेकाहीं निकाला हुनबाट जोगिन तपाईंले घरधनीसंग सम्झौता गर्न सक्नुहुन्छ / प्राय: यस प्रकारको सम्झौतालाई 'बन्दोबस्त' भनिन्छ / बोर्डले आदेश दिनु भन्दा अघि र पछि पनि यस्तो सम्झौता गर्न सकिन्छ / कुनै कागजमा सही गर्नु अघि आफ्नो वकिलको सल्लाह लिन खोज्नुस र आफुले सही गरेको कुनै पनि कागजको प्रतिलिपि लिन नभुल्नु होला /

बोर्डले तपाईंलाई निकाला गर्ने आदेश दिएमा सो आदेशमा लेखिएको मिति भित्रमा निस्कनै पर्छ / ननिस्केमा घरधनीले तपाईंलाई निकाल्न शेरिफ (जिल्लामा चुनिएको सम्माननीय अधिकृत) समक्ष सहयोग माग्न सक्नेछ / शेरिफ भनेको एक मात्र त्यस्तो व्यक्ति हो जसले तपाईंलाई आफू बसेको ठाउँबाट जबर्जस्ति निकाल्न सक्छ / शेरिफ आएर अनुमति नदिएसम्म घरधनीले तपाईंको घर / एकाइको को ताला फेर्न सक्दैन /

घरबाट निस्कंदा आफ्नो सबै सामान लिएर जानु राम्रो हुन्छ / शेरिफले तपाईंलाई निकालेमा सप्ताहअन्त वा बिदाको बेला पनि ७२ घण्टा भित्र सामान निकाल्न पाइन्छ / यो ७२ घण्टा भित्र तपाईंको सामान तपाईंको स्थानमा वा नजिकै सुरक्षितसाथ् राख्नु पर्दछ र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म लान पाउँछ / शेरिफले निकाला गरेको अबस्थामा मात्र यो नियम लागु हुन्छ /

हामीलाई आशा छ कि तपाईंले घर निकालाको समस्या झेल्नु परेमा तपाईंको के अधिकार रहन्छ भन्ने केही सामान्य कानुनी जानकारी दिने राम्रो स्रोतको रूपमा यस पद्कस्टलाई पाउनु भयो होला /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

# रोजगारी बीमा

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ / आज हामी अण्टारियोको रोजगारी बीमा लाभ भन्ने सरकारी कार्यक्रमको बारे चर्चा गर्नेछौं /

रोजगारी बीमा लाभ (जसलाई ई.आई.पनि भनिन्छ) ले मानिसलाई विभिन्न अबस्थामा नियमित लाभ दिन सक्छ / यदि तपाईंको कुनै गल्ति बिना कामको अभाबमा वा मौसमी बिदाबारी अबधिको लागि कामबाट निकालेको छ भने र तपाईं काम गर्न सक्षम हुनुहुन्छ भने तपाईंले रोजगारी बीमा लाभ पाउन निबेदन दिन सक्नु हुन्छ / ई.आई. भनेको बिरामी भएर, चोट पटक लागेर वा रोगको कारणले एक्लै छुट्याएर राखेको अबस्थामा बिरामी लाभ आवश्यक पर्ने व्यक्तिको लागि पनि हो / तपाईं गर्भाबस्तामा भए, हालसालै बच्चा जन्माएको भए, कुनै बच्चालाई ग्रहण गरेको भए वा शिशु स्याहार गर्नु परे तपाईंले मातृ वा पितृ लाभ पाउन आवेदन दिन सक्नुहुन्छ / तपाईंले कुनै सिकिस्त

# Before you Sign

बिरामी वा चोटपटक लागेको व्यक्ति वा जीवनको अन्तिम घडीमा परेका कसैलाई सहयोग गर्नु परेमा हेरचाहको लाभ र बिदा लिन मिल्छ / याद राख्नोस कि तपाईंले पैसा पाउनु अघि त्यस्ता प्रत्येक लाभ लिन केही शर्तहरु पूरा गर्नु पर्छ / यस्तो लाभ पाउन  तपाईंको योग्यता बारे ढुक्क नभए सबभन्दा राम्रो उपाय तपाईंले आबेदन दिनुस र रोजगारी बीमा लाभ दिनेलाई नै योग्यताको निर्क्योल गर्न लाउनोस /

अब हामी तपाईंले काम नपाएको अबस्थामा रोजगारी बीमा लाभ कसरी काम लाग्छ भन्ने बारे चर्चा गर्नेछौं / तपाईंले काम गर्न छोड्ने बित्तिकै सँधै रोजगारी बीमा लाभको लागि आबेदन दिनु जरुरी छ / तपाईंले रोजगारीको विवरण (आर.वो. ई.) पाई नसकेको भए वा नियोक्ताले सो कागज पठाएको छ या छैन भन्ने थाहा नभए पनि लाभ पाउन आबेदन दिन सक्नु हुन्छ / यदि तपाईंले काम गर्न छोडेको चार हप्ता भन्दा बढी समय सम्म पर्खनु भयो भने तपाईंको लाभ गुम्न सक्नेछ /

निम्न अबस्थामा तपाईंले नियमित रूपमा रोजगारी बीमा लाभ पाउन सक्नु हुन्छ यदि:

- तपाईंले क्यानाडामा आयकर तिरेको भनी  तलबी कागजमा रेकर्ड हुने खालको काम गरेको भए
- आफ्नो गल्ति बिना काम छोड्नु परेको भए
- बिगत ५२ हप्ता भित्र काम नपाएको वा घटीमा लगातार सात दिन आम्दानी बिनाको काम गरेको भए
- बिगत ५२ हप्ता भित्र वा तपाईंले पछिल्लो पटक रोजगारी बीमा दाबी गरेको शुरु दिनदेखि बीमायोग्य घण्टा पुग्ने गरी काम गरेको भए / यी मध्ये जुन अबधि छोटो छ त्यही लागु हुन्छ /
- प्रत्येक दिन काम गर्न तयार, इच्छुक र सशक्त छ भने
- सक्रिय रूपमा कामको खोजी गर्दै कुन नियोक्ता संग कहिले सम्पर्क गरेको भन्ने लिखित रेकर्ड राखेको भए

निम्न अबस्थामा तपाईंले रोजगारी बीमा लाभ पाउन सक्नु हुन्न:

- तपाईंले उचित कारण बिना जागिर छोडेको भए
- तपाईंले गलत वा अबैधानिक भन्ने थाहा हुँदाहुँदै कुनै काम गरेकोले निकालिएको भए
- तपाईंले मजदुरी झैझगडा (उदाहरणको लागि, हड्ताल, तालाबन्दी वा अन्य खालको झगडा) मा प्रत्यक्ष रूपमा संलग्न भई काम नगरी बसेको भए

तपाईंको योग्यताबारे निश्चित नभए रोजगारी बीमा लाभको लागि आबेदन दिनु पर्छ / काम नपाउने बित्तिकै पनि तपाईंले आबेदन दिनु पर्छ / तपाईंले लाभ पाउनु हुन्छ या हुन्न भन्ने निधो गर्न तपाईंले www.canada.ca मा अनलाइन आबेदन दिनु पर्छ /  अनलाइनबाट आबेदन दिएपछि मात्र प्रक्रिया शुरु हुन्छ /  तपाईंसंग घरमा इन्टरनेट नभए नजिकैको सर्विस क्यानाडाको कार्यालयमा गई कम्प्युटर प्रयोग गर्नुस अथवा स्थानीय पुस्तकालयमा भएको सार्बजनिक इन्टरनेट प्रयोग गर्नुहोस / यो अनलाइन आबेदन भर्न ६० मिनेट जति लाग्छ / दरखास्त दिनु अघि निम्न जानकारी तपाईंसंग हुनु पर्छ /

- तपाईंको आमाको थर
- तपाईंको सामाजिक बीमा नम्बर - अंक ९ बाट शुरु भएमा तपाईंले आप्रबासको स्थिति र काम गर्ने अनुमतिको प्रमाण पेश गर्नु पर्छ
- पोस्टल कोड सहित तपाईंको हुलाकी र आबासीय ठेगाना/ आफु बसेको ठाउँको ठेगाना नभएमा आफै स्थानीय सर्विस क्यानाडा सेन्टरमा गएर दरखास्त दिनु पर्छ /
- सिधै बैंकमा रकम जम्मा गर्नु परेमा तपाईंको बैंकको पूरा विवरण (आर्थिक संस्था, नाम र नम्बर, शाखा नम्बर र तपाईंको खाता नम्बर) दिनु पर्छ / यी नम्बर निश्चित नभएमा तपाईंको बैंकमा काम गर्ने व्यक्तिलाई लेख्र लगाउनुस /

तपाईंको निबेदन पाए पछि रोजगारी बीमामा काम गर्ने व्यक्तिले तपाईं लाभ पाउन सक्नुहुन्छ या सक्नुहुन्न भनी निधो गर्न सक्छ /

हामीलाई आशा छ कि तपाईंले अण्टारियोको रोजगारी बीमा कार्यक्रमबारे केही सामान्य जानकारी पाउन यो पड्कास्ट राम्रो स्रोतको रूपमा पाउनु भयो होला /

## Before you Sign

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /

## अण्टारियो अशक्तता सेवा कार्यक्रम र अण्टारियो वर्क्स

इन्टरनेटको रेडियो (पड्कास्ट) मा ' प्रवेश दर्ता गर्नु अघि ' पड्कास्टमा यहाँलाई स्वागत छ / यो पड्कास्ट अण्टारियो प्रदेशमा कानुनी अधिकारबारे तपाईंलाई राम्रो जानकारी दिन तयार पारिएको हो / आफ्नो अधिकार र दायित्व बुझ्नु भएमा क्यानाडामा तपाईंले जीवनमा असर पार्ने विकल्पहरु छान्न सक्षम हुनुहुनेछ/ यी रेडियोहरुले तपाईंको परिस्थितिको लागि कानुनी सल्लाह दिंदैन तर तपाईंको परिस्थितिमा काम लाग्ने साधारण कानुनी बिषयहरु बारे जानकारी दिन्छन भन्ने कुरा बुझ्नु जरुरी छ /

आज हामी अण्टारियोमा भएका दुई बेग्लै सरकारी सामाजिक कार्यक्रमहरु अण्टारियो अशक्तता सेवा कार्यक्रम र अण्टारियो वर्क्सबारे चर्चा गर्नेछौं /

हामी अण्टारियो वर्क्स (जसलाई वो. डब्ल्यु. पनि भनिन्छ) बाट शुरु गर्छौं / यसले तपाईंलाई आर्थिक सहयोगको खाँचो परेमा साथै आर्थिक र रोजगारी सेवा चाहिएमा मद्दत गर्दछ / प्राय:जसो अबस्थामा आर्थिक सहयोग पाउन तपाईंले रोजगारी सहायता कार्यक्रमहरुमा सहभागी हुने मन्जुर गर्नु पर्छ / साह्रै अप्ठ्यारो स्थितिमा परे आकस्मिक सहयोग पनि मिल्दछ / उदाहरणको लागि, तपाईंले घरबास गुमाएमा, दुर्व्याबहारिक सम्बन्ध बीच बस्नु परेमा, वा आफ्नो सुरक्षाप्रति चिन्तित भएमा /

अण्टारियो वर्क्सबाट सहयोग पाउन तपाईं अण्टारियोमा बसेको र आर्थिक चपेटामा परेको हुनु पर्दछ / त्यसको मतलब तपाईंको सामान्य बसोबास खर्च समेत पुर्याउन घरमा पैसा नहुनु हो / बिरामी परेमा वा कसैलाई सेवा पुर्याउने जिम्मेवारी भएको कारणले अस्थाई रूपमा काम गर्न नसक्ने भएमा बाहेक अरु समय तपाईंले काम खोज्ने र भएको कामलाई निरन्तरता दिने प्रयास गर्नु पर्छ / तपाईंको घरमा एकजना भन्दा बढी बयश्क व्यक्ति रोजगार बिहिन छ भने तिनीहरुले पनि रोजगारी सहायता क्रियाकलापमा सहभागी हुन मन्जुर गर्नु पर्नेछ /

तपाईंले अनलाइनबाट, फोनबाट, वा आफै गएर आबेदनको प्रक्रिया शुरु गर्न सक्नुहुन्छ / आफु नजिकको अण्टारियो वर्क्स कार्यालय पत्ता लगाउन तपाईंले www.mcss.gov.on.ca मा हेर्नु होला /

प्रक्रिया शुरु गरेपछि अण्टारियो वर्क्सको एक जना मामिला कार्यकर्ता (केस वर्कर) ले तपाईंलाई भेट्ने समय मिलाउन सम्पर्क गर्नेछ / तपाईंलाई यस भेटघाटमा बिशेष कागजात ल्याउन भनिन्छ र त्यसबाट तपाईंको व्यक्तिगत र घरका अन्य सदस्यहरु बारे जानकारी लिने, घरको आर्थिक आबश्यकता, घरपरिवारको आय र तपाईंको सम्पत्ति बारे पुष्टि गर्न सक्नेछ / आफ्नो घरमा बस्ने सबैको विवरण लिएर जानु पर्छ भन्नाले उदाहरणको लागि सबैको नाम, जन्म मिति, ठेगाना, आप्रबास स्थिति, आय, गाडी वा बचत खाता जस्ता जायजेथा र घरभाडाको रकम जनाउँदछ / अण्टारियो वर्क्समा भेटघाटको बेला तपाईंको जन्म प्रमाणपत्र, वा राहदानी, तपाईंलाई पछिल्लो पटक फर्काएको कर, नियोक्ताबाट प्राप्त तलबी विवरण, भाडा तिरेको भए घरधनीले दिएको रसिद, तपाईंको बैंक खाता देखिने विवरणहरु बुझाउनु पर्छ /

## Before you Sign

भेटघाटको बेला तपाईंलाई सहमति पत्र लगायत कयौं फारमहरूमा सही गर्न लगाइन्छ / यी फारममा सही गर्नुको अर्थ अण्टारियो वर्क्स कार्यालयले तपाईंबारे अन्य सरकारी कार्यक्रमहरु तथा अन्य संघहरु (जस्तै यातायात मन्त्रालय, रोजगारी बीमा वा इक्विफ्याक्स क्यानाडा जस्ता भुक्तानी संस्थाहरुबाट जानकारी लिन सहमति दिनु हो /

अण्टारियो वर्क्सले तपाईं र अन्य संस्थाहरुबाट प्राप्त जानकारीको आधारमा तपाईंको आर्थिक सहयोग पाउने योग्यता निर्धारण गर्दछ / तपाईंले दरखास्त भरेर आवश्यक सबै जानकारी दिएपछि तपाईंले कार्यालयमा सम्पर्क गरेको ४ कारोबार दिन भित्र एउटा निर्णय गर्नेछ / तपाईंको आबेदन स्वीकृत नभएमा ती फैसलाको बिरुद्द अपील गर्ने अधिकार हुन्छ र सहयोगको लागि स्थानीय सामुदायिक कानुनी क्लिनिकमा सम्पर्क राख्नुहोस /

अर्को बिषय हो अण्टारियो अशक्तता सहयोग कार्यक्रम / यसलाई वो. डि. एस. पी. पनि भनिन्छ / यस कार्यक्रमले अशक्त व्यक्तिहरुलाई आर्थिक सहयोग दिन्छ / वो. डि. एस. पी. बाट सहयोग पाउन तपाईं आर्थिक र चिकित्सकीय दृष्टिले योग्य हुनु पर्दछ / त्यसको मतलब तपाईं थोरै कमाई भएको, कम सम्पत्ति भएको र चिकित्सा बिशेषज्ञले असक्षम प्रमाणित गरेको हुनु पर्दछ / ती दुई प्रमाण तपाईंसंग छ भने तपाईंले आफ्नो र परिवारको सामान्य जीविका खर्च पुर्याउन वो. डि. एस. पी. बाट आर्थिक सहयोग पाउन सक्नु हुन्छ / यस कार्यक्रममा सहभागी भएपछि उपयुक्त भएमा काम खोज्न र भएको जागिर बचाउनको लागि समेत सहयोग पाउनु हुनेछ / तपाईं र आफ्नो परिवारको लागि चिकित्सकले लेखिदिएको औषधी, दाँतको उपचार र चस्मा लगायतका चिकित्सकीय लाभ पाउनु हुनेछ /

आबेदन प्रक्रिया शुरु गर्न तपाईंले आफू नजिकको वो.डि.एस.पी. कार्यालयमा सम्पर्क राख्न वा www.mcss.gov.on.ca मा अनलाइनबाट आबेदन दिनु पर्दछ / तपाईंले अण्टारियो वर्क्सबाट सहायता पाई राख्नु भएको छ भने तपाईंको केस वर्करले आबेदन दिन मद्दत गर्नु हुनेछ / अण्टारियो वर्क्सको सहायता नपाएको भए, आबेदन दिएको ५ दिन भित्र वो. डि. एस. पी. कार्यालयले त्यसबारे मद्दतको लागि भेट्न सम्पर्क राख्नेछ / वो. डि. एस. पी. ले तपाईंलाई आर्थिक सहयोग दिन योग्य ठहर्याएमा त्यहाँबाट तपाईंले असक्षमता निर्क्योल गर्ने सामग्रीको पोको पाउनु हुनेछ / यस पोकोमा ४ वटा स्वास्थ्य सम्बन्धी फारमहरू हुन्छन: स्वास्थ्य स्थितिको प्रतिबेदन, दैनिक रहनसहन क्रियाकलाप सुची, चिकित्सकीय जानकारी उपलब्ध गराउने सहमति, र आफ्नो प्रतिबेदन/ तपाईं असक्षम व्यक्ति हो भन्ने प्रमाणित गर्न तपाईंले यी फारमहरू भरेर पठाउनु पर्दछ / वो. डि. एस. पी. को परिभाषा अन्तर्गत 'अशक्त भएको व्यक्ति' भित्र पर्न तपाईंले एक बर्ष वा बढीसम्म हुन सक्ने यथेस्थ शारीरिक वा मानसिक समस्या भएको व्यक्ति हो भनी चिकित्सक जस्तो स्वास्थ्यकर्मीले प्रमाणित गर्नु पर्छ / चिकित्सकले पनि स्वास्थ्य समस्याले तपाईंको काम गर्ने क्षमता नभएको, आफ्नो हेरचाह गर्ने क्षमता नभएको, घर या समुदायमा दैनिक कार्यहरु गर्नमा यथेस्थ असर पुर्याएको छ भनी निश्चित गर्दछ / यो भनेको संधै भैरहने या आँउदैजाँदै गर्ने स्वास्थ्य समस्या हो / यो एक मात्र स्वास्थ्य समस्या हुन सक्छ अथवा तपाईंको क्रियाकलाप सीमित पार्ने विभिन्न समस्याहरुको जोड पनि हुन सक्छ /

तपाईंको दरखास्त र असक्षमता निर्क्योलको कागजी पोकोमा रहेका फारमहरूलाई असक्षमता फैसला गर्ने एकाईले हेर्छ / यस एकाइले तपाईंबाट प्राप्त जानकारी र तपाईंको स्वास्थ्यकर्मीले पठाएको फारमको आधारमा तपाईं वो. डि. एस. पी. को अन्तर्गत पर्छ या पर्दैन भनी निर्णय गर्छ / उनीहरुले तपाईंसंग अन्तर्वार्ता लिंदैन वा स्वास्थ्य परिक्षण गराउँदैन /

दरखास्त र पुनराबलोकन प्रक्रिया टुङ्ग्याउन महिनौं लाग्नसक्छ / दरखास्त अस्वीकृत भएमा तपाईंले उक्त निर्णय बिरुद्द अपील गर्न सक्नुहुन्छ र सहयोगको लागि तपाईंले स्थानीय कानुनी क्लिनिकमा सम्पर्क राख्नुपर्छ / तपाईंको आर्थिक समस्याले गर्दा तुरुन्तै सहयोगको आबश्यकता परेमा स्थानीय अण्टारियो वर्क्स कार्यालयमा गएर सामाजिक सहयोग कोषबाट सहयोग पाउन सम्पर्क राख्नुहोस /

अण्टारियो अशक्तता सहयोग कार्यक्रम र अण्टारियो वर्क्स सम्बन्धी केही सामान्य जानकारीको लागि तपाईंलाई यस पड्कास्ट राम्रो सूचना स्रोत जस्तो लागेको होला भनी हामी आशा राख्दछौं /

यस बिषयमा अझै पनि तपाईंका प्रश्नहरु भए कृपया यी रेडियोहरुबारे तपाईंलाई अबगत गराउने सेवा वा संस्थामा जानु होला / तपाईंको कम्प्युटर पहुँच भएमा थप जानकारीको लागि stepstojustice.ca अथवा settlement.org मा गएर बुझ्नुहोला / तपाईंलाई कानुनी सल्लाह , सेवा वा प्रधिनिधित्व आवश्यक छ भनी पहिले नै थाहा भए कृपया लिगल एड अण्टारियो (Legal Aid Ontario) मा १-८००-६६८-

## Before you Sign

८२५८ मा सम्पर्क राख्नुस / यसले ३०० भन्दा बढी भाषाहरुमा मद्दत गर्दछ र कार्यालय सोमबार देखि शुक्रबारसम्म बिहान ८:०० बजे देखि साँझ ५:०० सम्म (ई एस टि) खुल्दछ/ यो रेडियो सेवा दि ल फाउण्डेशन अण्टारियो (The Law Foundaton of Ontario) को आर्थिक सहयोगमा तयार पारिएको हो / यसमा लेखिएका सामग्रीहरुको सम्पूर्ण दायित्व वाई डब्लु सी ए (WBCA ) र सेन्ट थोमस एल्गिन (St. Thomas Elgin ) ले लिन्छ /